# भूमि अधिकार अभियान

## मासिक खबर

वर्ष : १ अङ्क : २ भदौ, २०७१


### संविधानमा भूमि सुधार अभियान

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले बन्दै गरेको संविधानमा भूमिको मुद्दा समावेश गराउन देशभर अभियान सञ्चालन गरिरहेको छ । मञ्चले यस क्रममा संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ, संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिका सभापति डा. बाबुराम भट्टराई, नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, एमाओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे, नेकपा मालेका महासचिव सीपी मैनाली, नेकपा एमालेका उपमहासचिव विष्णु पौडेल, एमाले नेता भरतमोहन अधिकारी, सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष शारदाप्रसाद सुवेदीलगायत सभासद्‌हरूसँग भेट गरी संविधानमा भूमि सुधारको मुद्दाबारे छलफल गरिएको छ ।



साथै मञ्चले तयार गरेको भूमि मस्यौदा राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले संविधान सभाको राज्य व्यवस्था समितिमा सहभागी भई प्रस्तुत गर्नुभएको छ ।

यस्तै, संविधान सभामार्फत बन्ने नेपालको नयाँ संविधानमा भूमि सुधारको मुद्दाहरू नछुटाउन सम्झाउँदै देशभरका भूमि अधिकारबाट वञ्चितहरूले सभासद्‌हरूलाई भूमि सुधार पत्र लेखेका छन् । यस क्रममा जिल्ला भूमि अधिकार मञ्च, उदयपुरबाट ५००, रौतहटबाट ३०६, सुनसरीबाट २४३, बाराबाट १५०, महोत्तरी १४९, नुवाकोटबाट १०७, मोरङबाट १००, दाङबाट ८०, बाँकेबाट, ७३, सुर्खेतबाट ४४, बर्दियाबाट ३५, खोटाङबाट ३५, ओखलढुङ्गाबाट ३०, रामेछापबाट ७ गरी जम्मा १७५९ वटा हस्तलिखीत पत्र सभासद्‌हरूलाई पठाइएको छ ।

### संयुक्त पुर्जा बनाउने थपिए

भूमिमा महिलाको स्वामित्व कायम गराउनको लागि भूमि अधिकार मञ्चद्वारा विभिन्न जिल्लामा सयुक्त पुर्जा निर्माण अभियान सञ्चालन भइरहेको छ । यस महिनामा विभिन्न जिल्लामा सञ्चालन भइरहेको अभियानबाट नुवाकोटमा १३, सुनसरीमा ११, महोत्तरीमा ५, रौतहटमा २, झापामा १, मोरङमा १, रामेछापमा १ गरी जम्मा ३२ जोडीले १४ बिघा ११ कट्ठा क्षेत्रफलको जग्गामा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

### सामाजिक लेखाजोखा भयो



भदौ २० गते काठमाडौंको लैनचौर ब्याङ्केटसमा सामुदायिक आत्मनिर्भर केन्द्रको सातौं वार्षिक सामाजिक लेखाजोखा भयो । सामाजिक लेखाजोखामार्फत संस्थाले आ.व. २०७०/०७१ मा गरेको लगानी र सोको उपलब्धि

सरोकारवालाबीच सार्वजनिक गरियो । यस वर्ष कार्यक्रममा कुल बजेट ५,९९,२२,६८७ रूपियाँमा ५,५५०३६३१.८८ रूपियाँ खर्च भएको छ । जसमा व्यवस्थापनतर्फ १०००६८९३.८८ (१८ प्रतिशत) र कार्यक्रमतर्फ ४५४९६७३८ (८२ प्रतिशत) खर्च भएको छ ।



कार्यक्रममा प्रमुख अथितिकारूपमा सहभागी हुनुभएका नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले जन्मदेखि मृत्युसम्म जमिनसँग सम्बन्ध हुने भएकाले नेपालको सन्दर्भमा सबैका लागि जमिन आवश्यक भएको बताउनभयो । 'नेपालमा बाँदर बचाउँने नाममा मानिसलाई भगाउने प्रवृत्ति छ' भन्दै उहाँले भूमिबाट मानिसलाई विस्थापित गरेर भूमि जोगाउन नसकिने पनि बताउनुभयो । विकासका कुरा गर्दै आदिवासी, जनजातिलाई विस्थापित गरिन नहुनेमा उहाँले जोड दिनुभयो ।

सामाजिक लेखाजोखामा समुदाय तहदेखि नीति निर्माण तहका सरोकारवाला निकायका १५० भन्दा बढी व्यक्तिहरू सहभागी थिए । उनीहरूले आत्मनिर्भर केन्द्रको भूमि अधिकार आन्दोलनप्रति आआफ्नो धारणा राखेका छन् ।

## टीम विल्डीङ कार्याशाला भयो



आत्मनिर्भर केन्द्रको आयोजनामा भदौ २१ गते नगरकोटमा 'टीम विल्डीङ' कार्याशाला भयो । कार्याशालमा आत्मनिर्भर केन्द्रका पदाधिकारी, साधारण सदस्यहरू र कर्मचारीहरूसहित ३४ सहभागी थिए । कार्याशालामा आत्मनिर्भर केन्द्रको आगामी रणनीतिबारे संस्थाका सल्लाहकार जगत बस्नेतले सहजीकरण गर्नुभयो । साथै अव कसरी जाने, संस्थाका सदस्य तथा कर्मचारीको भूमिको केके हुनुपर्ने विषयमा कार्यकारी निर्देशक जगत देउजाले सहजीकरण गर्नुभयो । साथै संस्थामा योगदानको लागि सदस्यहरूको भूमिकाको विषयमा छलफल भयो । टीम विल्डीङमा आत्मनिर्भर केन्द्रका उपाध्यक्ष सुरेश ढकालले संस्थामा टीमको महत्वबारे अनुभव आदान-प्रदान गर्नुभयो । यसबाट संस्था संस्कृतिलाई अझ बढी कामकाजी बनाउनको लागि के गर्न सकिन्छ भन्ने विषयमा विमर्श गरियो । टीम विल्डीङ कार्याशालाले कार्यसमिती तथा साधारण सदस्य र कर्मचारीहरू सबै एकै साथ संस्थाको गतिविधि, प्रगति तथा योजना नक्शाङ्कन गर्न सहज वातावरण निर्माणमा सहयोग पुऱ्याएको छ ।

## सहमति कार्यान्वयनबारे फलोअप

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र भूमि सुधार तथा व्यवस्था मन्त्रालयबीच गत जेठमा भएको ९ बुँदे सहमतिअनुसार भएको प्रगतीबारे भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा फलोअप गरिएको छ । भूमि सुधार मन्त्री दलबहादुर राना र सचिव लोकदर्शन रेग्मीसँग भेटघाट गरी बिर्ता, गुठी जग्गा दर्ता र मोही समस्या समाधानबारे छलफल गरियो । मन्त्रालयमा भएको छलफलअनुसार बिर्ता समस्या समाधानको लागि मन्त्रीपरिषद्मा प्रस्ताव लानको लागि तयारी भइरहेको जानकारी प्राप्त भएको छ । साथै, गुठी अध्ययनको लागि गठन भएको समितिले प्रतिवेदन तयारी गरी मन्त्रालयमा पेश गरिसकेको भूमि सुधार तथा व्यवस्था मन्त्री रानाले जानकारी दिनुभयो ।

## सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन तालिम भयो



सामुदायिक आत्मनिर्भर केन्द्रको आयोजनामा तीन दिने सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन तालिम भयो । तालिममा सहभागीमूलक अनुगमन कसरी गर्ने, बेसलाइनको महत्व, अनुगमनको औजारहरू (प्रगति मापक सूचक) कसरी प्रयोगमा ल्याउने, नतीजामुखी प्रतिवेदन लेखन अभ्यास सम्बन्धी विषयमा छलफल भयो । तालिममा अभियान संयोजक, अधिकृत, जिल्ला मञ्चका संयोजक, पूर्णकालिन कार्यकर्ता र कार्यालय सचिवसहितको सहभागीता थियो । तालिममा रणनीतिक साझेदारतर्फबाट केयर नेपाल र गभर्नेन्स फेसिलिटीको अनुगमन तथा मूल्याङ्कनअन्तर्गतका विषयगत प्रस्तुती पनि रहेको थियो ।

तीन दिनको तालिमको सहजीकरण आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजा र अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान संयोजक ज्योती बैद्यले गर्नुभयो । तालिमबाट सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन नीतिबारे जानकारी आदान-प्रदान भई नतीजामूखी योजना, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया तथा नतिजामूखी प्रतिवेदन लेखनमा क्षमता अभिवृद्धी भएको छ । त्यसैगरी भूमि अधिकार अभियानअन्तर्गतको नयाँ रणनीति (२०१४-२०१९) मा समावेश गरिएको उद्देश्य नतीजा र त्यसका सूचकमा स्पष्ट भएका छन् । साथै अनुगमन तथा मूल्याङ्कनको कार्ययोजनामा छलफल भई सहभागीहरू सो कार्ययोजना कार्यान्वयनमा स्पष्ट भएका छन् । तालिममा सिकेका विषयहरूको प्रभावकारी उपयोगीता सुनिश्चित गर्न जिल्लागत कार्ययोजना पनि निर्माण गरिएको छ । १७–२० भदौ काठमाडौंमा भएको तालिममा १३ महिला ८ दलित, ११ जनजातीसहित २५ सहभागी थिए ।



## भूमिहीनले आधार पत्र लिए

जिल्ला भूमि अधिकार मञ्चले सञ्चालन गरेको अभियानमार्फत दाङमा २०१, कैलालीमा १९२, महोत्तरीमा १४४ र कञ्चनपुरका २५ परिवार गरी यस महिना ५६२ भूमिहीन सुकुम्बासी परिवारले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगका आधार प्रमाण पत्र लिएका छन् ।

## जिल्ला मञ्चको सम्मेलन

जिल्ला भूमि अधिकार मञ्च, बाराको तेस्रो जिल्ला सम्मेलन भयो । भदौ २८ र २९ गते भएको दुई दिने सम्मेलनबाट टिकाबहादुर अधिकारीको अध्यक्षमा १७ (६ दलित, ९ महिला ६ जनजातीसहित १७) सदस्य जिल्ला कार्य समिति गठन भएको छ ।

यस्तै, राष्ट्रिय भूमि अधिकार मञ्चअन्तर्गत तनुहूँ जिल्लामा नयाँ जिल्ला भूमि अधिकार मञ्च गठन भएको छ । विष्णुमायाँ विकको अध्यक्षतामा ९ सदस्यीय जिल्ला तदर्थ समिति गठन भएको छ । योसँगै मुलुकभर ५४ जिल्लामा भूमि अधिकार मञ्च गठन भई अभियान सञ्चालन भइरहेको छ ।

## संविधान निर्माण गर्न खबरदारी सभा



जिल्ला भूमि अधिकार मञ्च, उदयपुरको आयोजनामा भदौ २५ गते गाईघाटमा बृहत भूमि अधिकार सभा भयो । संविधानमा भूमि सुधारको मुद्दा समेट्न दबाव सिर्जना गर्ने उद्देश्यका साथ आयोजना भएको सभामा २५०० बढी सहभागी थिए । 'हाम्रो नारा हाम्रै भोट, नबिर्स बाचा, नदेऊ चोट, संविधानमा भूमि अधिकार स्थापित गर, तोकिएकै समयमा संविधान जारी गर' नारासहित भूमि अधिकारबाट वञ्चितहरूले ऱ्यालीसहित गाईघाट बजार परिक्रम गरी बृहत सभा गरेका छन् । सभामार्फत भूमि अधिकारबाट वञ्चितहरूले संविधान सभामार्फत भूमि सुधारको माग गरेका छन् । सभामा जिल्लाका राजनीतिक दल, स्थानीय सरोकारवाला निकायका प्रतिनिधि, भूमि अधिकारबाट वञ्चितहरू सहभागी थिए । सभामा सहभागी राजनीतिक दलहरूले 'भूमि' समस्या जटिल र पुरोना सवाल भएकाले यसको समाधानको लागि संविधानमार्फत भूमि सुधारको घोषणा जरुरी रहेकोमा जोड दिए । दलहरूबीच एकअर्कोमा विवाद नगरी मुलुकमा भूमि सुधार गर्नमा एकजुट हुनुपर्ने स्थानीय सरोकारवाला निकायका प्रतिनिधिहरूले बताएका छन् ।

## गाउँ भूमि किताव निर्माण

जिल्ला भूमि अधिकार मञ्च, कैलालीको ३१ गाउँ मञ्च र कञ्चनपुरको २१ गाउँ मञ्चले गरी ५२ गाउँ भूमि अधिकार मञ्चले गाउँ भूमि किताव तयार गरेका छन् । गाउँ भूमि कितावमा बस्ती विश्लेषण, समुदाय र सङ्गठनको परिवेश नक्साङ्कन, सामाजिक नक्सा, समस्याको वृक्ष विष्लेषण, सङ्गठनको आगामी ५ वर्षे अभियान योजना समेटीएका छन् ।

## अभियान विस्तार

सल्यान, जिल्ला भूमि अधिकार मञ्च सल्यानमा यस वर्षदेखि वार्षिक योजना निर्माण भई अभियान सुचारु भएको छ । आत्मनिर्भर केन्द्र र जिल्ला भूमि अधिकार मञ्चबीच अभियान सञ्चालन गर्ने सहमतिपछि २ जना (१ पूर्णकालिन र १ कार्यालय सचिव) कार्यकर्ता छनोट गरी जिल्ला मञ्चले अभियान सुचारु गरेको छ ।

त्यस्तै, जिल्ला भूमि अधिकार मञ्च, प्यूठानको जिल्ला तदर्थ समितिले वार्षिक योजना निर्माण गरी २ जना (१ पूर्णकालिन र १ कार्यालय सचिव) कार्यकर्ता छनोट भई अभियान सुचारु भएको छ । प्यूठानमा ३५ गाविसमा १०२ वटा गुठी जग्गा (समस्या) रहेका छन् ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org